# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


खण्ड : १ | संख्या : २० | प्रमाणिकरण : २०७५।१२।२२

प्रकाशन मिति : २०७५।१२।२२


## भाग - २

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७५

ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७५

**प्रस्तावना:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले ठाकुरबाबा नगरपालिकाले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा (१) बमोजिम नगर कार्यपालिकाले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम, र प्रारम्भ** : (१) यो नियमावलिको नाम "**ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७५**" रहेको छ ।

(२) यो नियमावली ठाकुरबाबा नगरकार्यपालिका बाट पारित भए देखि लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलिमा,-

(क) “नियमावली” भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले ठाकुरबाबा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने)नियमावली , २०७५ को अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

४. **बचाउ**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) यस नियमावलीको परिमार्जन तथा व्याख्या गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा रहनेछ ।

आज्ञाले

पित्री भक्त गिरी

नि.प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली २०७५